# आदिवासी जनजाति: मेचे



**लोपोन्मुख समुह**

**संस्थाः** मेचे सिवोहिरा

अन्य नामकरणः भारतको पश्चिम बंगालमा शैब र आसाममा बोडो र बंगलादेशमा कछाडी भनेर चिनिने जाति पनि यिनीहरु कै सन्तती हुन् ।

बसोबासः मेचेहरुको बसोबास झापा जिल्लाको २० वटा गाउँपालिका, २ वटा नगरपालिकामा र अन्य जिल्लाहरु मोरङ, सप्तरी, सुनसरीमा रहेको पाइन्छ । यिनीहरु त्रिपुरा ब्रह्मपुत्र नदी र धनक्षी नदीको उत्तर दक्षिण भाग भारतको सिक्किम, पश्चिम बंगाल, आसाम तथा भुटान र बंगलादेशमा पनि बसोबास गरेको पाईन्छ ।

यिनीहरु सुनसरी जिल्लाको बादगाउँ सिनावारी, सप्तरी जिल्लाको त्रिकोवा र जगतपुर गाउँपालिका, सुनसरीको जझुलिया, मोरङको उर्लाबारी, काठमाडौको जोरपाटी, झापाको पूर्वी तथा दक्षिण क्षेत्र जलथल, धाइजन, बाहुनडाँगी, भद्रपुर नगरपालिकाको चकचकी दुवागडी, घेरावारी, बनियानी, पृथ्वीनगर, सनीचरे, शान्तिनगर, शरणामती, गोलधाप, अनारमुनी, चन्द्रगडी, चारपाने, लखनपुर, ज्यामिरगडी, कुमारखोट, महेशपुर, मेची नगरपालिकाको पथरीयामा बसोबास गर्दै आई रहेका पाईन्छ ।

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार मेचे जातिको कूल जनसंख्या ४,८६७ देखाईएको छ भने आफ्नो मातृभाषा बोल्नेको संख्या जम्मा ४,३७५ रहेको छ । मेचेहरुले भोट बर्मेली परिवारको मेचे भाषा बोल्दछन । यिनीहरुको भाषा भएता पनि लिपी पत्ता लगाउन सकिएको छैन ।

मेचे जातिको अंगिक लक्षण मंगोलियन रहेको पाइन्छ । मध्यम कद, वलिष्ठ शरीर, तेर्से आँखा, थेप्चो नाक, दाडी जुँगा पातलो, कपालको बाक्लो रौं, बाटुलो मुहार र गहूँगोरो वर्णको रुपमा मेहनती र परिश्रमी हुन्छन ।

कालान्तरमा मेचेहरु पूर्वबाट पश्चिम तर्फ विस्तार भएको भनिन्छ । कुनै मेचेहरु आफ्नो पैत्रिक थलो भुटानको डुआर ईलाका तिर देखाउँदछन भने कुसैले मेची तारेर गएका दाजुको सन्तान "ज गाउँ" बाट आएका हुन भन्छन । ऐतिहासिक प्रमाण एवं क्रमबद्ध जातिय इतिहास जनश्रुतीका आधारमा उनीहरु चिनबाट हिमाल पहाड पार गर्दै भारतको मेघालय राज्यमा रहेको खसिया जयन्तिया पहाडमा आइपुगे जहाँ जयन्तिया राजाहरुसँग उनीहरुको विशाल लडाई भयो । युद्ध विजय पछी अधिपत्य जमाउन यस स्थानमा बसोबास गरे भन्ने किम्बदन्ती रहेको छ ।

मेचे जातिहरु परापूर्वकाल देखि तराईको मेची नदीको किनारमा चारकोसे झाडी, घनघोर जंगलको आसपास बस्दथे । शुरुमा यिनीहरुको जीवनस्तर अति राम्रो थियो । यिनीहरु पहिल एकै ठाउँमा धेरैसम्म बसोबास गर्दैनथे । यिनीहरु झापा जिल्लामा स्थायी बसोबास गर्न थाले पछि मात्र खानपान, लत्ताकपडा, चाडवाड, पूजाआजा, संस्कृति पक्षमा सुधार भएको पाइन्छ । मेचेहरुको मुख्य पेशा कृषि नै हो । यस बाहेक जंगलमा शिकार खेल्ने, माछा मार्ने, सुंगुर पाल्ने आदि पनि गर्दछन ।

मेचे पुरुषहरु घर बाहिरका काम गर्छन भने मेचे महिलाहरु घरभित्रका कार्यहरु गर्दछन । महिलाहरु तान बुन्ने, रेशम धागो काट्ने र डोखना भन्ने छाति देखि पिडौलासम्म छोप्ने लुगा बनाउँदछ ।

मेचेहरु हिन्दु धर्म मान्दछन भने प्रकृति पुजासँग पनि सम्बन्धित भएको पाइन्छ । मेचे भाषामा देउतालाई "मदाई" भनिन्छ । मेचे जातिको आँगनमा बाठौंको थान हुन्छ । बाठौं थानमा सिउडीको बोट रोपिएको हुन्छ र त्रिशुल गाडिएको हुन्छ । जसलाई भगवान शिवको प्रतिक मानिन्छ । यिनीहरु प्रकृति, रुख, नदीलाई दैवी शक्तिको रुपमा पूजा पनि गर्दछन । मेचेहरुका ईश्वर तथा देवी मुख्यतय तीन प्रकारका हुन्छन् । १) नोनी मदाई (घर देउता) २) दइनी मदाई (नदी देवता) ३) गामिननी मदाई (गाउँका देवताहरु) । मेचेको पुरोहितलाई "रोजा" भनिन्छ भने रोजालाई सहयोग गर्ने व्यक्तिलाई "फान्थोल" छानिएको हुन्छ ।

मेचे जातिको पूजाआजाः १) बाउग्रा (उब्जाएको अन्न पूर्खाको नाममा चढाएर मात्र खाने प्रक्रिया) २) कूलदेवता पूजा (आफ्नो कूल वंशमा मानिदै आएको पूजा) ३) बाठौं पूजा (नयाँ साल वा बैशाख महिनामा आफ्नो घरको बाठौं थानमा गरिने पूजा) ४) खिदाई पूजा (मेचे समाजमा यो पूजा सम्पन्न परिवारले मात्र गर्दथे ।) ५) नाउन पूजा (कूल पूजा) ६) आइ पूजा ( आई भन्नाले माता वा आमा देवीको पूजा) ७) बिन्दुसरी पूजा ८) लक्ष्मी सेवा/ लखी पूजा (तिहारमा लक्ष्मी पूजाको दिन गरिने पूजा) ९) ग्राम देवताः सामूहिक रुपमा वर्षको एक पटक बैशाख महिनामा गरिने पूजा । भुतप्रेत, पिचास, बोक्सी आदिबाट कुनै दैवी प्रकोप नहोस भनी ग्राम पूजा गरिन्छ । १०) भूमी पूजा "आमति" पूजा (प्रत्येक वर्ष जेष्ठ १५ गते पछी भूमी चोख्याउने वा खेतीपातीको काम शुरु गर्न अगाडी गरिने पूजा ।

यी जातिको आफ्नै भाषा संस्कृति तथा चाडपर्वहरु रहेको पाईन्छ । प्रमुख चाडहरु मध्ये बैशागुर बच्छर (पुरानो वर्षलाई बिदा गर्दै नयाँ वर्षको आगमनलाई स्वागत गर्दै मनाउने चाड), ढोल पर्व - फाल्गुन पूर्णिमामा होली खेल्दै ढोल बजाएर मनाइन्छ । शिवरात्रि - हिन्दु धर्मको प्रभाव परेको ले नारीहरु व्रत वा उपबास बसेर मनाइन्छ । दसै र तिहार - नेपालीहरुको राष्ट्र चाड रमाइलो गरी मनाउँदछ ।

यो जातिमा एक जना ब्यक्तिलाई छरछिमेक ईष्टमित्रमा झै-झगडा मिलाउन गाउँबूढा वा गाउँ प्रमुखको रुपमा "माखाल" चुनेर राखिएको हुन्छ । माखाल हुनका लागी आर्थिक अवस्था सम्पन्न भएको हुनु पर्दछ । मेचेहरुमा बालविवाह, बहुविवाहको प्रचलन त्यति पाइदैन ।

मेचे जातिको बिभिन्न हाँगाहरु छन । वरो (वोडो), गारो, कछारी, डिमासा कछारी, सोनुवाल, डेउडी, लालुङ, रामा, हाजाङ, चुतिया, कदी, कोचे, बसमतारी, नार्जनारी, मच्छाहारी, छेम्प्राम्हारी र कार्जी ।

मेचे जातिको आफ्नै किसिमको थर र गोत्रहरु हुन्छन् । यिनीहरुको विभिन्न पेशा अनुसारको थर अलग हुन्छन् । बसुमतारी, नाजरीनारी/ नार्जियारी/ माछाहारी/ दैमारी, खेरकटारी, गोदारी, छोफामारी आदी । यिनीहरुमा नजिकको नातासँग विवाह गर्ने चलन छैन ।

मेचेहरुको बसोबास स्थान तराई भएकाले यिनीहरु पातलो कपडा लगाउँदछन । पुरुषहरु धोती, गाम्छा, कमिज, भेष्ट लगाउँदछन । महिलाहरु सुतीका कपडा लगाउँदछन् ।मेचे महिलाहरु सुन चाँदीका गरगहनाहरु इन्थी, नाखाफल, सिखोन, गोटामाला, विछामाला, कुचियामोदोर, पाउजु, चुरा, आछानझरी, टाका, आछान, बाउठी, वासपतारि, नाक कान छेडी बुलाँकी, मुन्द्रा लगाउँछन् । पुरुषहरुले माला, मुन्द्रा (ईन्थी) लगाउँछन् ।

अन्य किरात जातिहरुसँग मेचेहरुको धेरै कुराहरुमा समानता भएकोले गर्दा यिनीहरु आफू किरात भएको कुरा उल्लेख गर्दछ ।